नेपाल सरकार

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# प्रेस विज्ञप्ती

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्मचारी समायोजनको कार्य सम्पन्न भइसकेको र सो सम्बन्धी गुनासो सुनुवाईको कार्य समेत अन्तिम चरणमा पुगेको छ। कर्मचारी समायोजन पश्चात समेत स्थानीय तहहरुमा ठूलो संख्यामा पद रिक्त रहन गएको हुँदा ती रिक्त पदहरु शिघ्र पदपूर्ति गर्ने विषयलाई यस मन्त्रालयले उच्च प्राथमिकतामा राखेको छ र यसका लागि लोक सेवा आयोगसँग समन्वय गर्नुका साथै आवश्यक सहयोग गरिरहेको छ।

प्रदेश लोकसेवा आयोग गठन भइ नसकेको अवस्थामा स्थानीय तहहरुले यस मन्त्रालय मार्फत पठाएको मागको आधारमा लोकसेवा आयोगले पदपूर्ति गर्न सक्ने व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ मा रहेको हुँदा सोही बमोजिम विभिन्न ५५५ स्थानीय तहहरुबाट करिब १४,६६२ रिक्त पदहरुमा पदपूर्तिका लागि माग भई आएको र ती मागहरु एकीकृत गरी पदपूर्ति गर्ने प्रयोजनार्थ लोकसेवा आयोगमा पठाई सकिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

मिति : २०७६।२।१०

..................................

(भूपाल बराल)

प्रवक्ता